फोन नं.: ०९६-४१००९२

# नेपाल सरकार
## कृषि तथा पशुपंछी विकास मन्त्रालय
## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
## परियोजना कार्यान्वयन एकाई

ईमेलः pmamp.piu.dadeldhura@gmail.com

प.स. ०८१।८२
च.न.

# सूचना सूचना सूचना

**आ.व २०८१/०८२ को वार्षिक स्विकृत कार्यक्रमहरुको सूचना प्रकाशित गरिएको बारे।**
**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०५/१३)**

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, डडेल्धुराको चालु आ.व २०८१/०८२ को वार्षिक स्विकृत कार्यक्रमहरु लागु भएका जोन/सुपरजोन क्षेत्रहरुमा तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्न सूचना प्रकाशित गरिएकाले कानुन बमोजिम दर्ता भएका र कार्यक्रमको मापदण्ड भित्र पर्ने ईच्छुक कृषक समुह/सहकारी र कृषि सगँ सम्बन्धित फर्म/उद्यमीहरु उल्लेखित कागजातहरु संलग्न गरी सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन (मितिः २०८१/०६/११) भित्र परियोजना कार्यान्वयन एकाई, डडेल्धुरा वा जोन प्राविधिक एकाई बुडर डोटीमा प्रस्तावना पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ।

आवेदन माग गरीएका कार्यक्रमहरुः

(क) परियोजना कार्यान्वयन एकाई, डडेल्धुरा

| क्र स | कार्यक्रम | सँचालनका लागि प्राथमिकता क्षेत्र | मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| क | परियोजना कार्यान्वयन एकाई तर्फका कार्यक्रमहरु | | | |
| १ | स्थानिय सरकारसगैंको लागत साझेदारी र समन्वयमा चक्लाबन्दीमा खेती प्रवर्द्धन भएको क्षेत्रमा जंगली जनावरको क्षती न्यूनिकरण गर्न | आलु वालीको व्यवसायीकरणको अधिक सम्भावना भएको वा व्यवसायिक खेती भईरहेको तर व्यवसायीक खेति गर्न जंगली जनावरले एकदमै क्षेति गर्ने गरेको। कम लगानीले धेरै क्षेत्र घेरबार गर्न सकिने क्लष्टर, | कम्तिमा १२० रोपनी क्षेत्रफलको एउटै क्लष्टरमा चक्लाबन्दी हुनु पर्ने, स्थानिय सरकारसँग लागत साझेदारी भएका क्षेत्र हुनु पर्ने, स्थानिय तहको लागत साझेदारीको प्रतिबद्धता पत्र हुनु पर्ने छ। व्यवसायिक खेति भई रहेको वा व्यवसायिक खेतिको सम्भावना भएको क्षेत्र जम्मा लागत ईस्टिमेटमा कम्तिमा २०% समुदायको श्रम दान हुनु पर्ने, | |

"व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

भिष्म राज रेग्मी
नि.वरिष्ठ कृषि अधिकृत

फोन नं.: ०९६-४१००९२

# नेपाल सरकार
## कृषि तथा पशुपंछी विकास मन्त्रालय
## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
## परियोजना कार्यान्वयन एकाई

ईमेल: pmamp.piu.dadeldhura@gmail.com

प.स. ०८१।८२
च.न.

| | | | | |
|---|---|---|---|---|
| | घेरबार कार्यक्रम | स्थानियतहको बढि लागत साझेदारी हुने क्षेत्र। सामुहिक जग्गा भएको क्षेत्र र क्लष्टरमा खेति गर्ने क्षेत्र | सिजनअनुसार कुन बालीको व्यवसायिक खेति गर्ने हो स्पष्ट खुलाउनु पर्ने। | |
| २ | चक्लाबन्दीमा तथा नयाँ क्षेत्र विस्तार भएको क्लष्टरहरुमा सिचाई सुविधा विस्तारको लागी सोलार सिचाई, लिफ्ट सिचाई, पक्कि कुलो, पक्कि पोखरी तथा सोयल सिमेन्ट पोखरी निर्माण/सिचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भार | चालु आ व को कार्यक्रम बाट नया आलु लाग्ने क्षेत्र तथा गत आ व को कार्यक्रमबाट आलु वाली विस्तार भएका क्षेत्रलाइ पहिलो प्राथमिकतामा राखी जोन/सुपरजोनको अन्य क्षेत्र, क्लष्टरमा खेति गर्ने फर्म/समुह/सहकारीलाई प्राथमिकता दिईने छ। | आलु वालीको चक्लाबन्दिको क्लष्टरमा सामुहिक प्रयोगको सिचाइ पूर्वाधारमा अधिकतम ८५% तथा व्यक्तिगत प्रयोगका सिचाइ योजनामा ५० प्रतिशत लागत साझेदारी। | विगत दुई आ.व यस कार्यालयवाट अनुदान प्राप्त गरी योजना सम्पन्न भएका फर्म/समुह/सहकारीहरुमा कार्यक्रम संचालन गरिने छैन। नयाँ क्षेत्रमा सिचाई सविधा विस्तारको लागी प्राथमिकता दिईने छ। |
| ३ | cold Storage मर्मत | आलु सुपरजोनको कार्यक्षेत्रका आलु भण्डारण गर्ने कोल्डस्टोर/किसानलाई केहि फाईदा हुने कार्ययोजना | आलु किसानलाई फाईदा हुने कार्य योजना हुनु पर्ने, किसानका अधिकतम आलु भण्डारण हुने क्षमता भएको। लागत अनुमानको अधिकतम ५०% लगानी गर्न सक्ने प्रतिबद्धता पत्र | |
| ४ | नर्सरी श्रोत केन्द्र स्थापना | व्यवसायिक फलफुल खेती गरिरहेको वा नर्सरी सम्बन्धित कार्य गरिरहेको। यस भन्दा अगाडी अनुदान नपाएकोलाई प्राथमिकता दिईने छ। | नियामानुसार दर्ता फलफुल नर्सरी कार्य गर्ने भनि दर्ता भएको, व्यवसायिक फलफुल/ नर्सरी सम्बन्धि ज्ञान सिप भएको प्रस्तावमा लागतको अधिकतम ५०% अनुदान | |

निबेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु:

"व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

[illegible] घिमिरे
[illegible] अधिकृत

फोन नं.: ०९६-४१००९२

# नेपाल सरकार
## कृषि तथा पशुपंछी विकास मन्त्रालय
## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
### परियोजना कार्यान्वयन एकाई

ईमेलः pmamp.piu.dadeldhura@gmail.com

प.स. ०८१।८२
च.न.

१. रु १० को टिकट टाँस गरेको कार्यक्रम मागको निबेदन

२. परियोजना कार्यान्वयन एकाईले तयार पारेको अनुसुची १० बमोजिमको आवेदन फारम

३. कृषि फर्म, कृषक समुह र सहकारीको हकमा कानुन अनुसार दर्ता तथा नविकरण प्रमाणपत्र, स्थायि लेखा, गत आ.वको कर चुक्ता प्रमाण पत्र

४. समुह र सहकारीको हकमा कार्यक्रम संचालन गर्ने निर्णय र जग्गाको विवरण खुल्ने निर्णय

५. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्र

६. सम्बन्धित कार्यक्रमको मापदण्डमा उल्लेख भएका अन्य कागजातहरु

**नोटः कार्यक्रमहरु नेपाल सरकारको नियमानुसार वा परियोजना कार्यान्वयन म्यानुअलमा व्यवस्था भए अनुसार संचालन गरिनेछ। थप जानकारीका लागी कार्यालयको टेलिफोन नम्बर ०९६-४१००९२ वा सुचना अधिकारीको फोन नम्बर ९८५८७७०९५२ मा सम्पर्क गर्न सक्नु हुने छ।**

नि.वरिष्ठ कृषि अधिकृत

“व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन”